**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बित्थडचिर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः२ मितिः २०७९।१०।१४

**भाग-१**

**बित्थडचिर गाउँपालिका**

**गाउँ सभाले मितिः २०७९।१०।१३ मा पारित गरेको बित्थडचिर गाउँपालिकाको शिक्षा ऐन, २०७९**

# बित्थडचिर गाउँपालिका शिक्षा ऐन, २०७९

प्रस्तावना : बित्थडचिर गाउँपालिका र समग्र देशको विकास,लोकतान्त्रिक,गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार, समयानुकूल ज्ञानको वृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न स्थापना भई सञ्चालन भैरहेका र गाउँ क्षेत्र भित्र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न युगानुकूल सीप र प्रविधि सहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले बित्थडचिर गाउँपालिका गाउँ सभाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बित्थडचिर गाउँपालिकाले "बित्थडचिर गाउँपालिका शिक्षा ऐन २०७९" बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

१. यस ऐनको नाम **'बित्थडचिर गाउँपालिका शिक्षा ऐन, २०७९'** रहेको छ ।

२. यो ऐन बित्थडचिर गाउँपालिका भर लागू हुनेछ ।

३. यो ऐन बित्थडचिर गाउँपालिका गाउँ सभाले स्वीकृत गरी स्थानीय राजपत्रम प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) "गाउँपालिका" भन्नाले बित्थडचिर गाउँपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बित्थडचिर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(घ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक तहको शिक्षालाई सम्झनु पर्छ ।

(ङ) "माध्यमिक शिक्षा"भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(च)"आधारभूत शिक्षा"भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति असक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा विषयबस्तुको सिकाइ गरी प्रविधि र व्यावसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(झ) "सामुदायिक विद्यालय"भन्नाले समुदायको पहलमा स्थापना गरिएको मुनाफा रहित प्रकृतिको नेपाल सरकार र गाउँ पालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(ञ) "संस्थागत विद्यालय"भन्नाले व्यक्ति, संस्था वा समुदायको पहलमा मुनाफा आर्जन गर्ने गरी स्थापना गरिएका नेपाल सरकार र गाउँ पालिकाबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(ट) "गाउँ शिक्षा अधिकारी"भन्नाले गाउँपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएको कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "शिक्षक" भन्नाले विध्यालयको अध्यापक सम्झनु पर्छ सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ड) "स्वयंसेवक शिक्षक" भन्नाले बित्थडचिर गाउँपालिकाले गाउँपालिका भरिमा सञ्चालित सामुदायिक विध्यालयहरुमा आवश्यक दरबन्दी सिर्जना गरी न्यूनतम पारीश्रमिकमा नघटने गरी विध्यालयमा अध्यापनका लागि खटाएका शिक्षक भनि सम्झनु पर्छ ।

(ढ) "अभिभावक" भन्नाले विधालयमा अध्ययनरत विध्यार्थीको अभिभावक भनी विध्यालयको अभिलेखमा जनिएको

व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १८ को प्रयोजनका लागि विध्यार्थीको बुबा,आमा,बाजे वा बज्जै र त्यस्ता अभिभावक नभएका विध्यार्थीको हकमा त्यस्तो विध्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ण) "कर्मचारी"भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(त) "आवासीय विद्यालय"भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरी सञ्चालन भएका विद्यालयलाई सम्झनुपर्छ ।

(थ) "शैक्षिक गुठी"भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन गर्ने उद्देश्य नराखी स्थापना गरेको सार्वजनिक वा निजी गुठीलाई सम्झनुपर्छ ।

(द)"प्रारम्भिक बाल विकास शिक्षा"भन्नाले चार वर्ष मुनिका बालबालिकाहरुलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने शिक्षालाई सम्झनुपर्छ ।

## परिच्छेद – २
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्बन्धी व्यवस्थाः

३. विद्यालय खोल्ने अनुमति लिनु पर्ने :

(१) नेपाली नागरिक वा नेपाली समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) दफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त पूरा गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालन गरेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयहरुलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन :

(क)सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख)सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवन वा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सात जना र निजी गुठी भए पाँच जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी गाउँशिक्षा समितिले तोकेको लेखा परीक्षकबाट गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेषपछि गुठियारको रुपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन् तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित दफा उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ ।

१०. उपदफा (४), (७), (८) र (९)मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसारको तोकिए बमोजिमको आवश्यक प्रक्रिया पूरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

११. विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४. गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** :

(१) गाउँपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरुलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता तथा सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप वा कक्षा घटाउने गरी सञ्चालन गर्न अनुमति दिन वा नाम परिवर्तन गर्न सम्बन्धित गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

५ . अनुमति वा स्वीकृति  गर्ने  :  कुनै  संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्ने सफाई पेस गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे पुनरावेदन गर्न पाइनेछ ।

६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने :

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, बृजकोर्ष, कोचिङ, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टेल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, बृजकोर्ष, कोचिङ, ट्युसन सेण्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : यस गाउँपालिकाले आवश्यक व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

८. प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी व्यवस्था :  प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने : गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न आवश्यकताको पहिचान गरी सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद – ३

## **शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था**

१०. माध्यमिक शिक्षाको प्रकार :

(१) माध्यमिक शिक्षा देहाय बमोजिम तीन प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

११. शिक्षाको माध्यम :

(क) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै हुनेछ ।
(ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :
(१) कक्षा ५ सम्मको आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।
(२) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली र अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

१२. विद्यालयको वर्गीकरण : गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई पूर्व प्राथमिक शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा गरी तीन प्रकारमा वर्गीकरण गरिनेछ ।

१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक : विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँ पालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न सक्नेछ ।

१४ परीक्षा सञ्चालन : परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा-८ को) गाउँपालिकाले सञ्चालन गर्नेछ ।

## परिच्छेद – ४

## गाउँपालिका स्तरीय शिक्षा समितिहरु तथा गाउँ शिक्षा प्रमुख सम्बन्धी व्यवस्था :

१५. गाउँ शिक्षा समिति :
(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको ११ सदस्यीय गाउँ शिक्षा समिति रहनेछ :

- गाउँ पालिका अध्यक्ष - अध्यक्ष
- गाउँपालिकाले तोकेको गाउँ पालिका सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना -सदस्य
- विद्यालय व्यवस्थापन समिति सदस्यहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य
- स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित १ जना दलित र दुई जना महिला सहित ३ जना - सदस्य
- सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य
- गाउँ पालिकामा विशेष शिक्षा प्रदान गर्न सञ्चालित विद्यालयहरुमध्येबाट अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरि गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य
- शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।
(३) गाउँ शिक्षा समिति बैठकमा आवश्यकता अनुसार विद्यालयका प्रधानाध्यापक तथा नेपाल शिक्षक महासंघ प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा बोलाउन सकिने छ ।
(४) उपदफा (१) बमोजिम मनोनित तथा अन्य सदस्यहरुले पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै अवस्थामा पनि पदबाट हटाउन सकिनेछ । तर त्यसरी हटाउनु अघि निजलाई मनासिव सफाई दिने अवसर दिइनेछ ।
(५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :
(क) गाउँपालिका क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,
(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी सिफारिस गर्ने,

(ग) विद्यालयहरुका लागि आवश्यक आर्थिक स्रोत तथा अनुदानको व्यवस्था गर्ने,

(घ) विद्यालयमा सञ्चालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित र भय रहित बनाउने,

(ङ) निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(च) व्यावसायिक तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यावसायिक, सीपमूलक र प्राविधिक शिक्षा विद्यालयको आवश्यकता अनुसार तोकिएका कक्षाबाट सञ्चालन गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालय व्यवस्थापन समितिका काममा एकरुपता ल्याउन समन्वय गर्ने,

(ञ) विद्यालयको गुणस्तर अभिबृद्धि गर्न सूचक निर्धारण गर्ने र मूल्याङ्कन गर्ने,

(ट) विद्यालयहरुको सामाजिक परीक्षण गर्न समयमै निर्देशन दिने र गर्न लगाउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने,

(ड) विद्यालयहरुको निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,

(ढ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने ।

(ण) गाउँ शिक्षा समितिले गाउँपालिका भित्र रहेका विद्यालयहरुमा स्वीकृत दरबन्दी वा अनुदान कोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई करारमा राख्नु पर्ने भएमा शिक्षक छनौट समितिलाई विज्ञापन गर्न र परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्न निर्देशन दिने ।

(त) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदान कोटामा शिक्षक छनौट समितिले नियुक्तिका लागि सिफारिस गरेका शिक्षकलाई नियुक्ति गर्न सम्बन्धित विद्यालयलाई निर्देशन दिने ।

(थ) शिक्षक छनौट समितिको कार्यविधि निर्माण गरी स्वीकृति र कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको बैठकमा पेस गर्ने ।

(द) शिक्षक छनौट गर्नका लागि विशेषज्ञहरुको सूची प्रकाशन गर्ने ।

(ध) तोकिए बमोजिम शैक्षिक योजना निर्माणका लागि विज्ञहरु रहेको कार्यदल गठन गर्ने ।

(न) गाउँसभा तथा गाउँ कार्यपालिकाले तोकेका अन्य शैक्षिक कार्यहरु गर्ने ।

१६. वडा शिक्षा समिति :

(१) गाउँपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको **५** सदस्यीय वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडाका वडा अध्यक्ष –संयोजक

ख) अगुवा विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिद्वारा मनोनित १ जना - सदस्य

ग) वि.व्य.स.अध्यक्ष मध्येबाट वडा शिक्षा समितिद्वारा मनोनित १ जना - सदस्य

(ङ) वडा भित्रका शिक्षा प्रेमी मध्येबाट वडा शिक्षा समितिद्वारा मनोनित १ जना -सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव १ जना पदेन – सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

ख)आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ग)विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

घ)विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

ङ)विद्यालय र अभिभावक बीच सम्बन्ध सुधार गर्न सहयोग गर्ने ।

च)विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

छ)विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

ज)वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

झ)वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

ञ)प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न गाउँ शिक्षा समिति मार्फत गाउँ पालिकामा सिफारिस गर्ने ।

ट)गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१७. गाउँ शिक्षा अधिकारी :

(१) गाउँपालिका कार्यालयमा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछन् ।

(२) शिक्षा शाखा प्रमुखका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- गाउँपालिकाको शिक्षा योजना निर्माण गरी गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,
- स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
- विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाहरुको खण्डीकृत तथ्याङ्क अद्यावधिक गरी प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने,
- विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने, गराउने,
- माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय, नियमन तथा सुपरिवेक्षण गर्ने,
- सेवा क्षेत्रभित्रका विद्यालय नक्शाङ्कन गरी सोको आधारमा विद्यालय खोल्न गाउँशिक्षा समितिको सिफारिसमा अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने,कक्षा वा तह घटाउनका लागि गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने।
- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गने, सरुवा तथा बढुवा सिफारिस सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता निकासा गराउने,
- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको विदाको अभिलेख अद्यावधिक गर्ने र विद्यालयले गर्ने बाहेकका अन्य विदाहरु स्वीकृत गर्ने,
- वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने तथा विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउन पहल गर्ने,
- विद्यालयहरुको समूह विभाजन गरी शिक्षकहरुको मागका आधारमा तालिम तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गराउने,
- विद्यालयको गुणस्तर अभिबृद्धि गर्न प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, तथा अन्य सरोकारवालाहरुको नियमित बैठक, गोष्ठी र तालिमहरुको आयोजना गर्ने,
- आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रबृत्तीको व्यवस्थापन गर्ने,
- शिक्षा सम्बन्धी अन्य कार्य गर्दा शिक्षा विकास तथा समन्वय इकाई र प्रमुख प्रशासकीय अधिकृतसित आवश्यक समन्वय गरी कार्य सम्पादन गर्ने,
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने,
- जिल्ला स्थित शिक्षा सम्बद्ध कार्यालयहरु, गाउँ पालिका जनप्रतिनिधि, शिक्षा समिति, शिक्षक महासंघ लगाएत सरोकारवाल व्यक्तित्व सहभागी गराइ शिक्षा समन्वयात्मक बैठक आयोजना गर्ने ।
- शिक्षा सम्बद्ध माथिल्लो निकायबाट आएका अन्य निर्देशनहरुको पालना गर्ने ।

## परिच्छेद – ५
## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१८.विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा शिक्षा ऐन २०२८ को आठौं संशोधन २०७३ बमोजिम देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरुले आफुहरु मध्येबाट छनौट गरि पठाएका दुईजना महिला सहित चार जना -सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिले सिफारिस गरी पठाएको १ जना -सदस्य

(ग) लगातार दशवर्ष देखि विद्यालयलाई सेवा गरेका वा विद्यालयलाई १० लाख बराबरको नगद वा जिन्सी सहयोग गरेका स्थानीय संस्थापक बुद्धिजीवी वा शिक्षाप्रेमी मध्येबाट एक जना महिला सहित वि.व्य. स. द्वारा मनोनित दुई जना – सदस्य

(घ) विद्यालयका शिक्षकहरु मध्येबाट शिक्षक प्रतिनिधि १ जना – सदस्य

(ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक १ जना –सदस्य सचिव

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

२. सम्बन्धित विद्यालय निरीक्षक/शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

५. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

५० उपदफा १ बमोजिम गठन भएको विव्यसको म्याद तीन वर्षको हुनेछ ।

१९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :

(१) कुनै विध्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी गाउँ शिक्षा समितिले कारण सहित गाउँ कार्यपालिकामा विघटन गर्न सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले तोकिएको प्रकृया पूरा गरी त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिव मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिको काम गर्न विशेष अवस्था बाहेक बढिमा ६ महिनासम्मको लागि सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । सो अवधी नाघे पश्चात अस्थायी समितिले गरेका कामकारवाहीहरु अमान्य हुनेछन् ।

२०. विद्यालय सञ्चालन कार्यविधि :

(१) यो ऐन वा प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका विषयबस्तुहरु समावेश गरिएको कार्यविधि तयार गरी अभिभावक भेलाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन सहित पारित गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक कार्यविधिको प्रतिलिपि पारित भएको मितिले सातदिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले गाउँको शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकता अनुसार नमूना विद्यालयको स्थापना गर्न वा हाल सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट नमूना विद्यालयको रुपमा छनौट गरी सञ्चालन गर्न सक्नेछ । नमूना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वयम् सेवक र थप सहयोगको व्यवस्था गरिनेछ ।

(६) विद्यालय सञ्चालन कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

## परिच्छेद – ६
## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट र सुबिधा सम्बन्धी व्यवस्था

२१.शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न गाउँ पालिकामा एउटा शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ)संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) विभिन्न स्वदेशी तथा विदेशी गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम,

(छ) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम ।

२२. कोष सञ्चालक समिति :

(१) कोष सञ्चालक समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

२३. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान रकम,

(ग) विभिन्न शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

२४. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको शीर्षक स्रोत र सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

२५. प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्ने :

गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२६. शुल्क सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले स्वेच्छाले दिएको

दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क गाउँ पालिकाको शुल्क निर्धारण समितिले तोकेबमोजिम निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयलले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा गाउँपालिकाले विद्यालयले उपलब्ध गराएको सुबिधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पच्चीस हजार रुपैंयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयहरुले भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण गाउँ शिक्षा समितिमा पेस गर्नु पर्नेछ ।

२९. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचविखन गरी प्राप्त भएको रकम गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिस र स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

३०. विद्यालयलाई छुट र सुबिधा :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन ।

(२) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट सुबिधा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद – ७

## दरबन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्बन्धी व्यवस्था

३१. दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनः

आवश्यक मापदण्ड सहित विद्यार्थी / शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले प्रत्येक वर्ष दरबन्दी मिलान गर्ने कार्य गर्नेछ। गाउँ पालिकामा रहेको जगेडा शिक्षक दरबन्दी यसै ऐन बमोजिम गाउँ कार्यपालिका मातहत रहि आवश्यकता अनुसार अन्य विध्यालयमा पठाउन सकिने छ।

३२. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

१. विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

२. प्रधानाध्यापकको नियुक्ति प्रक्रिया प्रचलित शिक्षा ऐन तथा नियमावली अनसार हुनेछ ।

३. यस गाउँपालिकामा सञ्चालित विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्दा वरिष्ट र कार्यसम्पादनको आधारमा उच्च अङ्क प्राप्त गर्ने मध्येबाट छनौट गरिनेछ ।

४. यसरि नियुक्त प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज सो पदमा दोहोरिन चाहेमा पुन : सोही प्रक्रिया अपनाइनेछ ।

३३. शैक्षिक योग्यता :

विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानूनले तोकिए बमोजिम हुनेछ।

३४. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

३५.शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

३६. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(१) दफा (४५) मा उल्लेख भएका कुनै कसुर वा आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र पुनर्बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिन देखि पुनर्बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ।

३७. शिक्षकको नियुक्ति :

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदान कोटा ( राहतकोटा ) र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) बालविकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुबिधा तोकिए बमोजिम हुनेछ।

(३) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्नेगरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ। दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोगको करार सूचीलाई पहिलो

प्राथमिकता दिइनेछ ।

(४) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(५) शिक्षकको बढुवा प्रयोजनको लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

३८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

दफा (३८) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक कर्मचारीले अनुपस्थित रहेको अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुनेछैन ।

३९. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था :

(१) प्रत्येक सामुदायिक विद्यालयमा गाउँपालिकाले स्वीकृत गरे बमोजिमको प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवा सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. स्थायी आवासीय अनुमति लिन नहुने :

सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४१. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था :

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा बित्थडचिर गाउँपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार तीस दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरु वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिको पदमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यावसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा,

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने कारणको यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । कार्यरत पदबाट हटाउनु अघिमनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## परिच्छेद – ८
## विविध

४२. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भयरहित वातावरणमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गनुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४३. बालबालिकाहरुलाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१) कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन । तर बालबिभ्याइँ गरेको अवस्थामा बालकलाई आवश्यक कार्यवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४४. प्रगति विवरण बुझाउनु पर्ने :

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

४५. दण्ड सजाय :

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल उपर गरी बिगो बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायको कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :

(क) परीक्षाको प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाको परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको नामबाट परीक्षामा सामेल भएमा वा परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा तोकिएको बाहेक अन्य कुनै दान, बकस, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, बृजकोर्ष, कोचिङ कक्षा, ट्यूशन सेण्टर, भाषाशिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानून विपरीतका अन्य कुनै कार्य गरेमा ।

(३) कानून बमोजिम कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको अन्तिम फैसला नभए सम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय कार्यवाही गरिनेछ ।

४६. पुनरावेदन :

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

४७. गाउँपालिकाले निर्देशन दिन सक्ने :

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रावास, ट्युसन सेण्टर, कोचिङ सेण्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पूरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

४८. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिका, गाउँकार्यपालिकाले आवश्यक शिक्षा नियमावली बनाउन सक्नेछ । गाउँ शिक्षा ऐन जारी हुनु भन्दा पहिले बनाएको गाउँ शिक्षा नियमावली यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४९. सङ्क्रमणकालीन व्यवस्था :

क) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँपालिकाले गर्न सक्नेछ ।

ख) यो ऐन जारी भए पश्चात बित्थडचिर गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र शिक्षक अनुपात हेरि आवश्यकता अनुसार गाउँपालिका स्वयंसेवक शिक्षक दरबन्दी सिर्जना तथा कटौती गर्न सक्नेछ । साथै शिक्षक थप गर्नु पर्ने देखिएमा पालिकाले आवश्यकता अनुसार विज्ञापन मार्फत भर्ना गर्न सक्नेछ । यसरी भर्ना गरिएका शिक्षक तथा कर्मचारीहरुको सेवा सुविधा शिक्षा नियमावली तथा कार्य विधिमा तोकिए अनुसार हुनेछ ।

५०. अक्षय कोष स्थापना

१. यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा यस अघि जेसुकै लेखिएको भए तापनि कुनै व्यक्तिले आफ्नो बाजेबज्यै,आमा-बुबा, दाजुभाइ, छोराछोरी, श्रीमान वा श्रीमतीको नामबाट कुनै पनि विद्यालयमा अध्ययनरत गरिब, जेहेन्दार अपाङ्ग बालबालिकालाई वार्षिक छात्रवृत्ती वा पुरस्कार वा शैक्षिक सामग्री आदि प्रदान गर्न एक अक्षय कोष स्थापना गर्न सक्नेछ ।

५१ बाधा अड्काउ फुकाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

५२. बचाउ र लागू नहुने :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३ )संविधान, संघीय र प्रदेश कानूनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिँदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले

रमेशबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

: